रु. १००/-

(रकम फिर्ता नहुने)

**एक्सेल डेभलपमेन्ट बैंक लि.,**

**मुख्य कार्यालय, मुक्तिचोक, वडा नं. ४, विर्तामोड न.पा.,**

**भापा, नेपाल ।**

# घर/जग्गा लिलाम सम्बन्धी बोलपत्र फाराम

एक्सेल डेभलपमेन्ट बैंक लि.

कर्जा विभाग

मुख्य कार्यालय, मुक्तिचोक, वडा नं. ४, विर्तामोड न.पा.,

भापा, नेपाल ।

**<u>गोप्य बोलपत्र (सिल्ड टेण्डर) पेश गर्नेले पालना गर्नुपर्ने नियम एवं शर्त बन्देजहरु :-</u>**

१. बोलपत्र फाराम रु. १००।- (फिर्ता नहुने) तिरी यस बैंकबाट प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र फाराम आवश्यक सबै विवरणहरु स्पष्ट बुझिने गरी भर्नुपर्ने छ । केरमेट भएको ठाउँमा अनिवार्य रुपमा दस्तखत गर्नुपर्ने छ । कवुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरिएको बोलपत्रलाई मान्यता नदिन पनि सकिनेछ ।

३. बोलपत्र दाताले आफुले कवुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी वापत यसै बैंक वा यस बैंकको नाममा खिचिएको झापा जिल्ला भित्र रहेको कुनै पनि बाणिज्य बैंकको सक्कलै ड्राफ्ट/मेनेजर चेक वा यस बैंकको वाणिज्य बैंकहरुमा रहेको कुनै खातामा रकम जम्मा गरेको सक्कलै भौचर बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।

४. बोलपत्र पेश गर्दा बोलपत्र सम्बन्धी सूचना प्रकाशित **मिति ................... को ३५ दिन** भित्र बैंकमा प्राप्त भै दर्ता भैसकेको हुनुपर्दछ ।

५. बैकमा प्राप्त हुन आउने बोलपत्रहरु मध्येबाट कुनै कारण जनाई वा नजनाई बढी दररेट वालाको आंशिक वा पुरै बोलपत्र स्वीकृती गर्ने वा नगर्ने वा स्वीकृत वोलपत्र उपर पूर्नबिचार वा नेगोशिएसन समेत गर्न सक्ने सबै अधिकार यस बैंकमा सुरक्षित हुनेछ ।

६. बोलपत्र दिंदा बैंकले उपलब्ध गराएको सक्कल बोलपत्र फाराम नै बैंकमा पेश गर्नुपर्ने छ । बोलपत्र फारामको हरेक पेजमा बोलपत्र दाताले सहिछाप गर्नुपर्ने छ ।

७. बोलपत्र दाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई बैंकले मान्यता नदिन सक्नेछ ।

८. बोलपत्र दाताले दिएको बोलपत्र स्वीकृत भई लिलाम सकार गरेको सम्पती (घर/जग्गा) सम्बन्धमा सरकारी वा अन्य कुनै खर्च लाग्ने भए बोलपत्र दाताले नै बुझाउनुपर्ने छ ।

९. यस बैंकबाट खरिद गरेको बोलपत्र फाराममा सकार गर्न चाहेको सम्पतिको विवरण आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी शीलबन्दी खाम दाखिला गर्नुपर्ने छ । फोटोकपी गरी पेश गरेको बोलपत्र मान्य हुनेछैन ।

१०. बोलपत्र दाताले बोलपत्र दाखिला गर्दा तोकिएको मिति र समय भित्रै कार्यालयमा नै दाखिला गर्नुपर्नेछ ।

११. बोलपत्र दाखिला गर्दा वोलपत्र दाताले आफ्नो पुरा ठेगाना खामको बाहिर उल्लेख गर्नुपर्नेछ ।

१२. बोलपत्र दाताले बैंकबाट लिलाम हुने सम्पति (घरजग्गा/जग्गा आदि) निरीक्षण गरी चल/अचल सम्पती जे जस्तो अवस्था र परिमाणमा रहेको छ सोहि अवस्थामा सकार गर्नुपर्ने छ ।

१३. बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको **सूचना पाएको मितिले १५ दिन भित्र** आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाई बैंकबाट लिलामी भएको सम्पती (घरजग्गा/जग्गा आदि) सम्बन्धित कार्यालयबाट आफ्नो नाममा पारित गराई लिनुपर्ने छ । सो म्याद भित्र आफुले कबोल गरेको सम्पूर्ण रकम बुझाउन नसके, धरौटी वापत १० प्रतिशत जम्मा गरेको रकम स्वतः जफत हुनेछ ।

१४. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्र स्वीकृत अस्वीकृत बारे बैंकबाट टुंगो नलागे सम्म बोलपत्र दाताले आफुले कबोल गरेको रकम इन्कार गर्न पाउने छैन । इन्कार गरेमा धरौटी वापत रहेको रकम स्वतः जफत हुनेछ ।

१५. अस्वीकृत बोलपत्रदाताको धरौटी रकम बोलपत्रको निर्णय पछि यसै विभागबाट फिर्ता दिइने छ ।

१६. बोलपत्रहरु **मिति ................. गते**का दिन बैंकको मुख्य कार्यालय, मुक्तिचोक, वडा नं. ४, विर्तामोड न.पा., झापा स्थित कर्जा विभागमा दिउंसो ३ **बजे** खोलीने छ । सो दिन बैंकमा बिदा परेमा त्यसको लगत्तै बैंकको कार्यालय खुलेको दिन उपरोक्त समयमा प्राप्त बोलपत्रहरु खोलिने छन् ।

१७. बोलपत्र फारम खरिद गरेका व्यक्तिहरुले लिलाम हुने सम्पतीको (घरजग्गा/जग्गा) विस्तृत जानकारी लिन चाहेमा यस बैंकको मुक्तिचोक, वडा नं. ४, विर्तामोड न.पा., झापा स्थीत मुख्य कार्यालयको कर्जा शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

१८. बोलपत्र खोलिने दिन बोलपत्र दाता वा निजको अधिकारिक प्रतिनिधी पनि उपस्थित हुन सक्नेछन् तर, बोलपत्र दाता वा प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बैंकलाई कुनै बाधा पुग्ने छैन ।

१९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा नै सुरक्षीत हुनेछ ।

२०. रित नपुगेमा तथा म्याद भित्र यस विभागमा दाखिला नभएका बोलपत्रहरु स्वतः रद्ध हुनेछन् ।

२१. बोलपत्र दाताले बोलपत्र पेश गर्दा आफुले खरिद गर्न चाहेको चल/अचल धितो सम्पतिको लागि प्रत्येकको लागि अलग अलग वा एउटा मात्र बोलपत्र पनि पेश गर्न सक्नुहुनेछ ।

********

मिति :

एक्सेल डेभलपमेन्ट बैंक लि.,

मुख्य कार्यालय, मुक्तिचोक, वडा नं. ४, विर्तामोड न.पा.,

झापा, नेपाला ।

**<u>विषय :- गोप्य बोलपत्र द्धारा लिलाम बिक्री हुने</u>**

**<u>घरजग्गा/जग्गा (सम्पत्ति) को लागि शिलबन्दी बोलपत्र पेश गरेको बारे ।</u>**

**महोदय,**

यस बैंकको **मिति ………………** गतेको **…………** **राष्ट्रिय दैनिक** मा प्रकाशित सुचना अनुसार, तपसिलको घर/जग्गा तपसिलमा उल्लेखित मूल्यमा खरिद गर्ने मंजुर भएकोले, यो गोप्य शिलवन्दी बोलपत्र पेश गरेको छु । यो बोलपत्र पेश गर्दा बोलपत्र फारामका शर्त सुविधाहरु पढी बुझि, सो नियम एंव शर्त सुविधाहरु मान्न मंजुर गरेको छु ।

बोलपत्रमा उल्लेख गरेको खरिद मोल रु ……………………………… अक्षेरुपी( ………………………………………………………………………) मात्रको ……….. प्रतिशतले धरौटी राख्नुपर्ने रकम रु …………………………… अक्षेरुपी (………………………………………………………………………) मात्र त्यस बैंकको नाममा खिचिएको ड्राफ्ट/मेनेजर चेक/ त्यसै बैंकमा जम्मा गरेको/त्यस बैंकको ………………………………, झापा स्थीत ………………………………………………………………………बैंक लि. को खातामा जम्मा गरेको भौचरको सक्कलै प्रति यसै साथ संलग्न गरेको छु/छौ ।

मेरो/हाम्रो बोलपत्र स्वीकृत भएमा बोलपत्र फाराम साथ संलग्न नियम एवम शर्तका साथै बैंकले तोकेको शर्त पालन गर्नेछु ।

**<u>बोलपत्र पेश गर्नेको :-</u>**

नाम :-

बाबुको नाम :-

बाजेको नाम :-

ठेगाना :-

टेलिफोन/मोवाइल नं. :-

……………………………

सही (पुरा रुपमा)

# तपसील

**लिलाममा खरिद गर्न चाहेको संपतीहरु (घर/जग्गा)** :-

| सि.नं. | घर/जग्गा धनीको नाम | घर/जग्गाको विवरण | | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल | खरिद गर्न मंजुर गरेको मोल रु. |
|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | न.पा./ गा.वि.स | | | | |
| १ | | | | | | | रु. ............................ <br> अक्षरुपी ............................. <br> ........................................ |
| २ | | | | | | | रु. ............................ <br> अक्षरुपी ............................. <br> ........................................ |
| ३ | | | | | | | रु. ............................ <br> अक्षरुपी ............................. <br> ........................................ |
| ४ | | | | | | | रु. ............................ <br> अक्षरुपी ............................. <br> ........................................ |

दस्तखत :-